अनुसूची–२
(दफा ४ तथा अनसूची–१ को भाग–१ सँग सम्बन्धित)

भेरीगंगा नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः ०९ संख्याः ०२ मितिः २०८३/०३/३२ गते

भाग–१
**भेरीगंगा नगरपालिका**

## भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८३

भेरीगंगा नगरपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८३

नगरसभाबाट पारित मिति : २०८३/०३/०३

**प्रस्तावना :** भेरीगंगा नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यक्रमका लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनिय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम भेरीगंगा नगरपालिकाको नगरसभाको १९औं अधिवेशनले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम “भेरीगंगा नगरपालिकाको विनियोजन ऐन, २०८३” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. आर्थिक वर्ष २०८३/०८४ का निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१) आर्थिक वर्ष २०८३/०८४ का निमित्त नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९३,०७,४१,९५०।

(अक्षेरुपी त्रियानब्बे करोड सात लाख एकचालिस हजार नौ सय पचास रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिएबमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

**३. विनियोजन :**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ का निमित्त भेरीगंगा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट अपुग हुने शीर्षकमा सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक शीर्षक वा एक भन्दा बढि शीर्षकबाट अर्को एक वा एक भन्दा बढि शीर्षकहरुमारकम सार्न तथा निकासा र खर्च जनाउँन सकिनेछ। पूँजीगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम सावाँ भुक्तानी र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अन्तर्गत सावाँ भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिनेछैन। तर चालू तथा पूँजीगत खर्च वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृत लिनुपर्नेछ।





अनुसूची–१

**(विनियोजन ऐनको दफा २ सँग सम्बन्धित)**

**आय तथा व्ययको प्रक्षेपण**

**आ.व. २०८३/०८४**

| भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत | |
|---|---|
| आ.व.२०८३।०८४ को बजेट प्राप्तीको अनुमानित आय बिवरण : | |
| मुख्य शीर्षक | आ.ब.२०८३।०८४ को बजेट अनुमान रु. |
| आयतर्फ : | |
| **आन्तरिक राजश्वबाट प्राप्त :** | |
| (क) आन्तरिक राजश्व नगरपालिकातर्फ | ५३३४९५९५ |
| (ख) आन्तरिक आम्दानी बिबिध (अ.ल्या.) | ९२१७९९५० |
| **जम्मा रु :** | **५३३४९५९५** |
| **राजश्व बाँडफाँडबाट प्राप्त आय :** | |
| (क) संघीय सरकार | १५८८३०००० |
| (ख) प्रदेश सरकार (सवारी साधन कर) | २३८४११४.६० |
| **जम्मा रु :** | **१६१२१४११४.६०** |
| **अन्तरसरकारी बित्तिय हस्तान्तरणबाट प्राप्त आय** | |
| (क) संघीय सरकारबाट प्राप्त | १३४७००००० |
| (ख) प्रदेश सरकारबाट प्राप्त | १८३९७००० |
| **जम्मा रु :** | **१५३०९७०००** |
| **अन्य शीर्षकबाट प्राप्त आय :** | |
| सशर्त अनुदान(संघीय) | ३२८५००००० |
| सशर्त अनुदान (प्रदेश) | २६७४८००० |
| समपुरक अनुदान (संघीय) | ३०००००० |
| समपुरक अनुदान (प्रदेश) | २००००००० |
| बिशेष अनुदान (संघीय) | १८०००००० |
| बिशेष अनुदान (प्रदेश) | ५०००००० |
| अन्य आय (बिभिन्न ठेक्काबाट बचत र राजश्व बृद्धिबाट) | ६९६५३२९०.४० |
| **जम्मा रु :** | **४७०९०१२९०.४०** |
| **कुल जम्मा रु :** | **९३०७४१९५०** |

## अनुमानित ब्यय विवरण :

| भेरीगंगा नगरपालिका, छिन्चु, सुर्खेत | | |
|---|---|---|
| आ.ब. २०८३।०८४ का लागि मुख्य शीर्षक र अनुमानित बजेट | | |
| क्र.सं. | शीर्षक | बजेट रकम रु. |
| १ | भेरीगंगा नगरपालिका चालु खर्च | १५००००००० |
| २ | नगरपालिका स्तरीय कार्यक्रम तथा योजना | २५५०००००० |
| ३ | विषयगत समिति | ५५००००००० |
| ४ | वडागत बजेट | ११५०००००० |
| ५ | समपुरक कोष | ५००३४००० |
| ६ | कार्यपालिका योजना | ४०००००० |
| ७ | लक्षित वर्ग शसक्तिकरण कार्यक्रम | २०००००० |
| ८ | भूमि व्यबस्थापन | २९५२८२२ |
| ९ | नगर विकास कोषको सावाँ ब्याज भुक्तानी | ४२००००० |
| १० | प्रदेश वित्तिय कोषमा जम्मा गर्नुपर्ने | ७६२७१७८ |
| ११ | उपप्रमुख स्वरोजगार कार्यक्रम | २५००००० |
| १२ | गरिवसंग नगर प्रमुख कार्यक्रम | २०००००० |
| १३ | भैपरी खर्च (चालु, पुँजिगत) | १५००००० |
| १४ | फोहरमैला प्रशोधनकेन्द्र | १०००००००० |
| १५ | डुमकोट दलित संग्रहालय | ५०००००० |
| १६ | सशर्त अनुदान(संघीय) | ३२८५००००० |
| १७ | सशर्त अनुदान (प्रदेश) | २६७४८००० |
| १८ | समपुरक अनुदान (संघीय) | ३०००००० |
| १९ | समपुरक अनुदान (प्रदेश) | २०००००००० |
| २० | विशेष अनुदान (संघीय) | १८०००००० |
| २१ | विशेष अनुदान (प्रदेश) | ५०००००० |
| २२ | भुक्तानी दिन बाँकी दायित्व | ९२१७९९५० |
| | **कुल जम्मा रु.** | **९३०७४१९५०** |



भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८३

नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा २,धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

### संघ, प्रदेश र स्थानिय तहको अधिकारको साझा सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत, खानेपानी, सिंचाइ जस्ता सेवाहरु |
| ६ | सेवाशुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | वन, जंगल, वन्यजन्तु, चराचुङगी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधिता |
| ८ | खानी तथा खनिज |
| ९ | विपद् व्यवस्थापन |
| १० | सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११ | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्यांक |
| १२ | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३ | सुकुम्बासी व्यवस्थापन |
| १४ | प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५ | सवारी साधन अनुमति |

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२),
धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) संग सम्बन्धित

**स्थानिय तहको अधिकारको सूची**

| क्र.सं. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संञ्चालन |
| ४ | स्थानिय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर) सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर, मालपोत, दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानिय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संकलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत र माध्यामिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीडा सडक, कृषि सडक, सिंचाई |
| १२ | गाँऊ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | घर जग्गाधनी पूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, बैकल्पिक ऊर्जा |
| २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

**आज्ञाले,**
**हरि बहादुर खत्री**
प्रमुख प्रशासकीय अधिकृत



भेरीगंगा नगरपालिका सुर्खेतको विनियोजन ऐन, २०८३

भेरीगंगा नगरपालिका, छिन्चु सुर्खेत